## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बेसिशहरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(मिति २०८३/०२/२६ गते मंगलबारको आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०५/२० गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखा कार्यालय बेसिशहरमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०३/१० गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, बेसिशहर, लमजुङमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

### तपसिल

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समितिको कार्यलय, शाखा कार्यलय लमजुङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५।०६।१७ मा दर्ता नं. प्रा.फ.नं.घ.उ.वि. २५९५।०७५।७६ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, दमौलीबाट मिति २०७५/०६/१७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०८५७३९६२ को प्रमाणपत्र प्राप्त **माइला पोल्ट्री फर्म** ।

**रजिष्ट्रर्ड ठेगाना :** जिल्ला लमजुङ, राइनास न.पा. वडा नं. ९ ।

**प्रोप्राइटर तथा जमानतकर्ता : चोक बहादुर गुरुङ** (ना.प्र.नं. २०३१०, जारी मिति २०५२।१२।१९, प्रतिलिपि जारी मिति २०५९।१२।१७ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) । ठेगाना : लमजुङ जिल्ला, राइनास न.पा वडा नं. ९ (साविक मोहोरीयाकोट गा.वि.स. वडा नं. ५) । बाबु : खडग बहादुर गुरुङ । बाजे : खुर्सानी गुरुङ ।

**जमानतकर्ता : सावित्र गुरुङ** (ना.प्र.नं. ३६५९०, जारी मिति २०५८।०१।२६ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) । ठेगाना : लमजुङ जिल्ला, राइनास न.पा. वडा नं. ९ (साविक मोहोरीयाकोट गा.वि.स. वडा नं. ५) ।
बाबु : टक बहादुर गुरुङ ।
पति : चोक बहादुर गुरुङ । ससुरा : खडग बहादुर गुरुङ ।

**जमानतकर्ता : डम्वर कुमारी गुरुङ**
(ना.प्र.नं. ३१५५, जारी मिति २०४४।०९।२० जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) ।
ठेगाना : लमजुङ जिल्ला, राइनास न.पा. वडा नं. ९ (साविक मोहोरीयाकोट गा.वि.स. वडा नं. ५) ।
बाबु : होम बहादुर भुजेल ।
पति : खड्ग बहादुर गुरुङ ।
ससुरा : खुर्सानी गुरुङ ।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

**१. डम्वर कुमारी गुरुङको** नाममा मालपोत कार्यालय लमजुङमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जि. राइनास मोहोरीयाकोट गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५, कित्ता नं. क्रमशः ४३७, ४३८ र ४३३ क्षेत्रफल क्रमशः ०-१३-०-०, १-१३-०-३, २-४-१-३ (रापनी) र ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४, कित्ता नं. १९९ क्षेत्रफल १३-५-२-१ (रापनी) को घर/जग्गा र उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......२.

२. ऋणी **माइला पोल्ट्री फर्म**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण...१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र सम्बन्धित शाखा कार्यालयबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बेसिशहरमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x27